लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# भीम अस्पताल

भैरहवा, रुपन्देही, नेपाल

## करार सेवामा कर्मचारी लिने सम्बन्धी सूचना

**प्रकाशित मितिः- २०८२/१२/०४**

लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय अन्तर्गत यस भीम अस्पतालमा रिक्त देहायको पद र संख्यामा कर्मचारी आवश्यक परेको हुँदा खुल्ला प्रतिस्पर्धा प्रक्रियाबाट करार सेवामा लिनु पर्ने भएकोले तपशिलका योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचामा उल्लेखित कागजात सहित दरखास्त दिनुहुन सम्बन्धित पदको लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी तथा रित नपुगेको दरखास्त उपर कुनै कारवाही गरिने छैन।

| क्र. स | विज्ञापन नं | पद | सेवा | समूह/उपसमूह | तह | माग पद संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १-२०८१/०८२ | कन्सल्टेन्ट जनरल सर्जन | स्वास्थ्य सेवा | सर्जरी/जनरल सर्जरी | नवौ | १ | MBBS उत्तिर्ण गरी जनरल सर्जरीमा स्नातोकोत्तर गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। | |
| २ | २-२०८१/०८२ | डेन्टल सर्जन | स्वास्थ्य सेवा | डेन्टिष्ट्रि/ जनरल डेन्टल | आठौ | १ | BDS उतिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। | |
| ३ | ३-२०८१/०८२ | मेडिकल अधिकृत | स्वास्थ्य सेवा | जनरल हेल्थ सर्भिसेज | आठौ | १ | MBBS उत्तिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। | |
| ४ | ४-२०८१/०८२ | मेडिकल टेक्नोलोजिष्ट | स्वास्थ्य सेवा | मेडिकल ल्याब टेक्नोलोजिष्ट/ ज.मे. ल्या.टे | सातौ | १ | BMLT उतिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। | |
| ५ | ५-२०८१/०८२ | मेडिकल रेकर्डर सहायक | स्वास्थ्य सेवा | मेडिकल रेकर्डस | पाचौ | १ | तथ्याङ्क शास्त्र, गणित विषयमा स्नातक उत्तिर्ण वा बि. एस. सि उत्तिर्ण गरेको। | |
| ६ | ६-२०८१/०८२ | अ.न.मी. | स्वास्थ्य सेवा | कम्युनिटि नर्सिङ्/ पब्लिक हेल्थ नर्सिङ्ग | चौथो | १ | ANM course उत्तिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। SBA तालिम प्राप्त गरेकालाई प्राथमिकता दिइनेछ। | |

परिक्षाको किसिमः- छोटो सुची प्रकाशन तथा अन्तर्वार्ता।

दरखास्त दिने स्थानः- भीम अस्पताल, भैरहवा।

परिक्षा केन्द्र तथा अन्तर्वार्ता मितिः- पछि प्रकाशित गरिनेछ।

दरखास्त किसिमः- लोक सेवा आयोग द्धारा निर्धारित फारम आयोगको website बाट डाउनलोड गरेर आवश्यक सम्पुर्ण विवरण भरि पेश गर्नुपर्ने छ।

दरखास्त दस्तुरः- चौथो/पाचौ तहलाई रु.५००/-, सातौ/आठौ तहलाई रु.१०००/- र नवौ तहलाई रु.१२००/- फिर्ता नहुने गरि।

संलग्न गर्नुपर्ने कागजातहरुः- न्यूनतम शैक्षिक योग्यता, तालिम, अनुभव, सम्बन्धित समकक्षता प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, बायोडाटा पेश गर्नु पर्नेछ।

उम्मेदवारको उमेर हदः- २१ वर्ष पुरा गरि ४५ वर्ष ननाघेको। सहायक स्तरको लागि १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

तलब तथा सेववा सुविधाः- नेपाल सरकारको नियमानुसार।

नोटः- यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ। साथै थप जानकारी आवश्यक भएमा कार्यालय समयमा अस्पतालको प्रशासन शाखामा सम्पर्क राख्न सकिने छ।

..............................

डा. वर्षा थापा

अस्पताल प्रमुख

अस्पताल प्रमुख